९८१
०७५।०५
०७५।२।२६

**शुद्धोधनगाउँपालिका**
**मानपकडी, रुपन्देही**

# औषधीतथाऔषधीजन्य सामानखरिद सम्बन्धीशीलबन्दी दरभाउपत्रआव्हानको सूचना

प्रथम पटक प्रकाशितमिति:२०७५।०२।२८

१. यस कार्यालय अर्न्तगतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमाचालु आ.ब.२०७४/७५मा नेपाल सरकारबाटनि:शुल्कवितरण गर्नऔषधीतथा सर्जिकल सामानहरु शिलबन्दीदरभाउपत्रद्वारा खरिद गर्नु पर्ने भएकोले यो सूचनाप्रथम पटक प्रकाशितभएको मितिले १५दिनभित्रदरभाउपत्रफारम दस्तुर रु.१०००।-(अक्षरुपी एक हजार मात्र)( पछि फिर्ता नहुने) तिरी खरिद गर्नचालु आ.व.को लागिनविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, औषधीब्यबसायी प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र,

आ.ब. २०७३/७४ को कर चुक्ता प्रमाणपत्र र नेपालीनागरिकताको प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्नगरी रु.१०।- को टिकट टाँसी शुद्धोधनगाउँपालिकाको कार्यालय, रुपन्देहीमानिवेदन पेश गरी दरभाउपत्रफारामखरिद गर्न इच्छुक व्यक्तिवाफर्मको जानकारीको लागी यो दरभाउपत्रआव्हानगरिएको छ ।

२. दरभाउपत्रपेश गर्दा कार्यालयको अधिकार प्राप्तअधिकारीको सही छाप नभएको र कुनै पनिशर्त राखी पेश भएको दरभाउपत्रमान्यहुने छैन ।

३. यो सूचनाप्रथम पटक प्रकाशितभएको मितिले १५औं दिनसम्मको १२:०० बजे भित्रआफूले खरिद गरेको दरभाउपत्ररीतपूर्वक भरी यस कार्यालयमासिलबन्दी साथदर्ता गराइसक्नु पर्नेछ । दर्ता भएकादरभाउपत्रहरु १६ औंदिनको २:०० बजे दरभाउपत्रदातावानिजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमाखोलिनेछन् । दरभाउपत्रदातावानिजको प्रतिनिधीउपस्थितनभएपनिदरभाउपत्रखोल्न बाधा पर्नेछैन । दरभाउपत्रबिक्रीगर्ने र दाखिलागर्ने अन्तिमदिनबिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिमदिनमानिने छ ।

४. दरभाउपत्रदर्ता गर्दा सूचनामातोकिएअनुसारको जमानतवापतको रकमदाखिला गरेको सक्कलै भौचर शुद्धोधनगाउँपालिकाकार्यालय,रुपन्देहीको कृषिविकास बैंक, बुटवलएकल धरौटी खाता नं. ०४१४७०११५०२७९०३८माजम्मा गरेको सक्कलै भौचरर दरभाउपत्रखुल्ने मितिबाट ७५(पचहत्तर)दिनम्यादभएको बैंक ग्यारेन्टी (विड बन्ड) दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ ।स्वीकृत दरभाउपत्रदाताले स्वीकृत जम्माअंकको ५% ले हुने रकममाथिउल्लेखित धरौटी खातामाजम्मा गरेको सक्कलभौचर वा सोहीअनुसार यस कार्यालयको नाममाजारी भएको पर्फमेन्स बण्ड संभौतागर्नु अगावै पेश गर्नु पर्नेछ । नगद धरौटी राखिएकोमापर्फमेन्स बण्डमा परिवर्तन गर्न पाइने छैन ।

५. दरभाउपत्रस्वीकृत हुदाप्याकेजको रुपमा स्वीकृत नगरी आइटम वाईज दर स्वीकृत गर्न सकिने छ । दरभाउपत्रदाताले दरभाउपत्रका आइटम वाइज बिडिङ्ग गर्नु पर्नेछ । संभौताहुदाऔषधीको परिमाणमा थपघट हुन सक्नेछ । साथै दरभाउपत्रपूर्ण वाआंशिक रुपमा स्वीकृत गर्ने वानगर्ने अधिकार यस कार्यालयमानिहित रहनेछ ।

६. दरभाउपत्रसाथआपूर्ति गर्ने औषधीहरु WHO/GMPCertify Companyबाट उत्पादितभएकोनविकरण गरिएको प्रमाण पत्र, Surgical Itemsको हकमानविकरण गरिएको ISO प्रमाण पत्र र औषधीव्यबस्था बिभागबाट प्राप्तनविकरण गरिएकोउत्पादन अनुज्ञापत्रको प्रमाणित प्रतिलिपिहरु अनिवार्यरुपमा पेस गर्नुपर्नेछ ।

७. सुई, धुलो र भोल औषधीबाहेक संर्पूण औषधीहरु Stripमामात्रआपूर्ति गर्नु पर्नेछ । बोतलमाआपूर्ति हुने सबै औषधीहरु प्लाष्टिक बोतलमाहुनु पर्नेछ ।

८. कार्यालय हाता सम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।

९. आपूर्ति हुने औषधीको Expiry Date स्टोर दाखिलाहुने समयमाकम्तिमा १८ महिनाबाँकीहुनु पर्नेछ । तर कुनै औषधीको Expiry Date१८ महिनाभन्दाकमहुने अबस्थामाकुलExpiry Date को ७५ प्रतिशतम्यादबाँकीभएको हुनु पर्नेछ ।

१०. सप्लाई हुने औषधीतथाअन्य सामानको प्रत्येक Strips/labeling र प्याकिङ्गको बाहिर उत्पादनमिति,Expiry Date, ब्याचनम्बर, उत्पादककम्पनी र<u>नेपाल सरकार द्वारानि:शुल्कबितरणको लागि</u>भन्ने वाक्यांशउल्लेख भएको हुनुपर्नेछ ।

११. सार्वजनिकखरिद नियमावली,२०६४ को नियम ४०(ङ) अनुसार दरभाउपत्रदाताले खरिद कार्यमाअयोग्यनभएको, प्रस्ताबितखरिद कार्यमाआफ्नो स्वार्थ नबाभिएको, खरिद कारबाहीमाभागलिनअयोग्यनभएको र व्यवसाय संबन्धी कसुरमा सजायनपाएको भनीलिखित घोषणा भएको कागजातदरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।

१२. विदेशीऔषधीको हकमाऔषधीव्यवस्थाविभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ ।

१३. दरभाउपत्रदाताले उपलब्ध गराउने औषधीस्वदेशीउत्पादनभएमाखरिदकर्ताको नाममाउल्लेखितदरभाउपत्रप्रयोजनको लागिजारी गरेको सक्कलआधिकारिक पत्र ( Authorization letter) रविदेशीउत्पादनभएमा नेपालभित्रवितरणको लागितोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै आधिकारिक पत्र पेश गर्नु पर्नेछ।

१४. दरभाउपत्रफारममा रकमउल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमाउल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमाअक्षरमाउल्लेख गरिएको रकमलाई मान्यतादिईनेछ । केरमेट भएको खण्डमा त्यस्तो ठाउँमा आधिकारीक दस्तखत गरेको हुनुपर्नेछ ।

१५. दरभाउपत्रको प्रत्येक पानामादरभाउपत्रदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमालागेको हुनु पर्नेछ ।

१६. एक विक्रेताको नाममाविक्रि भएको दरभाउपत्रअर्को विक्रेताको नाममादाखिला (दर्ता) गर्न पाईने छैन ।

१७. दरभाउपत्र पेशगर्दा मूल्यअभिवृद्धि कर बाहेकको दररेट पेश गर्नुपर्नेछ ।

१८. आ.व.०७४।७५ का लागीऔषधीखरिदमाथप रकमव्यवस्थाभई आएमा यसै दररेट अनुसार खरिद हुनेछ । दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व.का लागीभएकोले आ.व.०७४।७५ आषाढ मसान्तसम्मकुनै प्रकारको मूल्यवृद्धिलाई स्वीकार गरिने छैन ।

१९. दरभाउपत्रमाउल्लेखितऔषधीको परिमाण आवश्यकताअनुसार थपघट गर्न सकिनेछ ।

२०. दरभाउपत्रफारम खरिद गर्न स्वयं दरभाउपत्रदाताउपस्थितहुननसकेमामञ्जुरीनामाबाट पनिगर्न सकिने छ तर त्यस्तो मञ्जुरीनामा एक फर्मको लागी एक व्यक्तिलाई मात्रहुनेछ ।

२१. यस सूचनामाउल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिकखरिद ऐन,२०६३ र सार्वजनिकखरिद नियमावली,२०६४ तथाप्रचलित नेपालकोकानूनअनुसार हुनेछ ।

२२. दरभाउपत्र सम्बन्धीअन्यआवश्यक कुराहरु बुझ्नुपरेमाकार्यालय समय भित्रकार्यालयको लेखावा स्टोर शाखामा सम्पर्क राखीबुझ्न सकिने छ ।

**तपसिल**

| सि.नं | दरभाउपत्र नं | बिबरण | ईस्टिमेट अंक रु. | धरौटी रकम रु. दरभाउपत्रजमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | SRM-०६/०७४/०७५ | औषधीतथाऔषधीजन्य सामानहरु खरिद | ७,०००००/- | १७,५००/- | |

०७५।२।२८

प्रमुख प्रशासकीय अधिकृत
अनन्तपाणि भट्टराई
शुद्धोधनगाउँपालिका, मानपकडी, रुपन्देही
प्रमुख प्रशासकीय अधिकृत